भारत यात्रा

नेपालबाट संकटका बेला निर्वाहका लागि बसाइ सराइ

WFP

विश्व खाद्य कार्यक्रमका योजनामा यसको प्रभाव

भारत यात्रा

नेपालबाट संकटका बेला निर्वाहका लागि बसाइ सराइ

WFP

मंसिर २०६५

भारत यात्राः नेपालबाट संकटका बेला निर्वाहका लागि बसाइ सराइ

यो पुस्तक विश्व खाद्य कार्यक्रम नेपाल (World Food Programme, Nepal) र नेपाल विकास अनुसन्धान प्रतिष्ठान (Nepal Development Research Institute) द्वारा मंसिर २०६५ मा प्रकाशित अंग्रेजी प्रकाशन "PASSAGE TO INDIA: Migration as a Coping Strategy in Times of Crisis in Nepal — Implications for WFP Responses" को संक्षिप्त नेपाली संस्करण हो ।

विस्तृत जानकारीका लागि अंग्रेजी संस्करण हेर्नु होला । साथै यो पुस्तक उक्त अंग्रेजी संस्करणको भावानुवाद भएको हुँदा कुनै अंश अस्पष्ट भएमा अंग्रेजी संस्करणको भनाइलाई आधिकारिक मानिने छ ।

अध्ययन टोली :
- टोम वुडह्याच (सम्पादन संयोजन)
- डा. पुण्य प्रसाद रेग्मी, डा. जगन्नाथ अधिकारी, मान बहादुर क्षेत्री, (NDRI)
- सिमोन होलेमा, डा. कृष्ण पहारी, क्रिस्टोफ गिजर, सुजन मल्ल (WFP Nepal)
  साथमा विभिन्न जिल्लामा स्थलगत सर्वेक्षणकर्ताहरू

यस प्रकाशन बारे कुनै प्रश्न अथवा टिप्पणी भएमा निम्न व्यक्तिहरूसँग सम्पर्क गर्न सकिन्छ :
- श्री सिमोन होलेमा, विश्व खाद्य कार्यक्रम, siemon.hollema@wfp.org
- डा. कृष्ण पहारी, विश्व खाद्य कार्यक्रम, krishna.pahari@wfp.org
- डा. पुण्य प्रसाद रेग्मी, नेपाल विकास अनुसन्धान प्रतिष्ठान, regmi@ndri.org.np
- डा. जगन्नाथ अधिकारी, नेपाल विकास अनुसन्धान प्रतिष्ठान, jagannath.adhikari@gmail.com

विश्व खाद्य कार्यक्रम नेपाल
चाकुपाट, पाटन ढोका पथ, ललितपुर
पोष्ट बक्स १०७, काठमाडौं
फोन ५५४२६०७
www.wfp.org

नेपाल विकास अनुसन्धान प्रतिष्ठान
धोबीघाट, जावलाखेल, ललितपुर
पोस्ट बक्स ८९७५, इ.पि.सि. २२०१, काठमाडौं
फोन ५५५४९७५
www.ndri.org.np

प्रमुख बुँदाहरू

- नेपालका गरिब र खाद्य असुरक्षित परिवारहरू त्यसमा पनि मध्य र सुदूर पश्चिमका अति गरिब परिवारहरूमा खाद्यान्नको अभाव तथा अन्य आवश्यकता पूरा गर्नका लागि भारतमा बसाइ सराइ एक मात्र विकल्प भएको छ जुन कुरा संकट वा विपत् परेको बेला अझ व्यापक रूपमा हुन जान्छ ।

- अधिकांशले अरूसँग चर्को ब्याजमा ऋण लिई बसाइ सराइ गर्ने खर्च जुटाउँछन्, प्रवासमा पनि उनीहरू तल्लो स्तरको काम गर्दछन् तथा त्यसरी प्राप्त सीमित विप्रेषणले घर खर्चको महत्त्वपूर्ण अंश टार्न बाध्य छन् ।

- बसाइ सराइको समय गाउँमा हुने खेतीबाली र चाडबाडको समय तालिकासँग सम्बन्धित देखिन्छ ।

- यस्तो निर्वाहमुखी बसाइ सराइसँग सम्बन्धित विभिन्न नकारात्मक पक्षहरू छन् जसमध्ये एचआईभी एड्सको संक्रमणको सम्भावना एक प्रमुख समस्या हो । साथै बसाइ सराइमा पुरूषहरू जाने हुँदा घरमा महिला र केटाकेटीले बढी समस्या झेल्नु पर्ने हुन्छ ।

- कामको लागि खाद्यान्न जस्ता खाद्य सहयोगका साथै रोजगारीका अवसरहरू भएमा यस्तो बसाइ सराइमा उल्लेख्य रूपमा कमी आउन सक्दछ । वर्षमा तीन-चार महिना रोजगारीको व्यवस्था वा पाँच हजार रूपैयाँसम्मको आम्दानी हुने उपाय भएमा बसाइ सराइमा नजाने कुरा धेरैले बताए ।

विषय सूची

१ अध्ययनको पृष्ठभूमि र उद्देश्य १
२ बसाइ सराइ किन गर्छन् ? ५
३ बसाइ सराइ कसले र कसरी गर्छन् ? १०
४ बसाइ सराइमा लाग्ने खर्च १६
५ बसाइ सराइ र विप्रेषण १८
६ बसाइ सराइसँग सम्बन्धित नकारात्मक पक्षहरू २१
७ जन जीविका र खाद्य सुरक्षा २४
८ बसाइ सराइ र विश्व खाद्य कार्यक्रमका योजनामा प्रभाव २६

तालिकाहरू

तालिका १ सर्वेक्षण गरिएका जिल्ला, गा. वि. स. र घर परिवार संख्या २
तालिका २ बसाइ सराइका कारण ५
तालिका ३ बसाइ सराइबाट फर्केकाको यस पछिका बारेमा विचार ६
तालिका ४ भौगोलिक क्षेत्र अनुसार खेतीबाली, बसाइ सराइ र खाद्य असुरक्षाका मुख्य महिनाहरू ७
तालिका ५ बसाइ सराइमा जानेहरूको उद्‌गम स्थान र भारतका प्रमुख गन्तव्य ११
तालिका ६ गन्तव्य अनुसार बसाइ सराइको औसत खर्च १६
तालिका ७ आर्थिक स्तर र बसाइ सराइको खर्चको स्रोत १६
तालिका ८ व्यक्तिको आर्थिक स्तर र गन्तव्य स्थल तथा विप्रेषण रकम १९
तालिका ९ बसाइ सराइ गर्ने व्यक्तिहरूमा एचआईभी/एड्सको ज्ञान २३
तालिका १० नेपालमा कुपोषणको स्थिति २४

नक्साहरू

नक्सा १ गड्डा चौकी नाका हुँदै हुने बसाइ सराइका मार्गचित्र १२
नक्सा २ गौरीफन्टा नाका हुँदै हुने बसाइ सराइका मार्गचित्र १३
नक्सा ३ सुरजपुर नाका हुँदै हुने बसाइ सराइका मार्गचित्र १४
नक्सा ४ रूपैडिया नाका हुँदै हुने बसाइ सराइका मार्गचित्र १५
नक्सा ५ एच.आई.भी./एड्सका सम्भावित जोखिमपूर्ण स्थानहरू २२

चित्रहरू

चित्र १ बसाइ सराइमा भारतमा गई गर्ने कामको प्रकृति ९
चित्र २ नेपाल, भारत र तेस्रो मुलुकहरूबाट प्राप्त वार्षिक विप्रेषण (रूपैयाँ) १९
चित्र ३ विभिन्न महिनामा परिवारमा प्राप्त हुने औसत विप्रेषण २०
चित्र ४ घरपरिवारद्वारा विप्रेषणको प्रयोग २०
चित्र ५ परिवारको स्थिति र प्रमुख स्रोतहरूबाट हुने आम्दानी २५
चित्र ६ खाद्य असुरक्षा हुने महिनाहरू २५

१ अध्ययनको पृष्ठभूमि र उद्देश्य

मानव इतिहासमा धेरै अगाडिदेखि नै मानिसहरू आर्थिक तथा जीविकाको अवसरको खोजीमा एक ठाउँबाट अर्को ठाउँमा जाने क्रम रहेको छ। यस्तो बसाइ सराइ कहिले गन्तव्य स्थलमा हुन सक्ने उच्च अवसरहरूका कारणले तथा कहिले आफ्नो घरमा परेको विपत, प्रकोप वा तनावका कारणले हुने गरेको छ। अन्तर्राष्ट्रिय बसाइ सराइले आप्रवासीहरूलाई, उनीहरूको समुदायलाई, उनीहरू जन्मेको देशका साथै उनीहरूको प्रवासलाई पनि उल्लेख्य लाभ हुन्छ, तर ती लाभहरूका साथै उनीहरूले ठूलो मूल्य चुकाउनु पर्ने पनि हुन सक्छ।

नेपालमा बसाइ सराइ व्यापक छ। 'नेपाल जीवन स्तर सर्वेक्षण (२००३/०४)' अनुसार देशको २५% वयस्क जनसंख्या यसमा संलग्न छ। विश्व खाद्य कार्यक्रमले सेप्टेम्बर २००५ मा गरेको विश्लेषणमा बाली थन्क्याउने बेलामा पनि ४४% घरपरिवार मध्य कम्तीमा एकजना सदस्य कामको लागि घर बाहिर गएको पाइयो। मध्य तथा सुदूर पश्चिमका पहाडी र हिमाली जिल्लाहरूमा मानिसहरू मौसमी बसाइ सराइका रूपमा भारत गएर आफ्नो परिवारको जीविका चलाउनु त्यस क्षेत्रको अर्थतन्त्रको एउटा मुख्य आधार रहँदै आएको छ। यस्तो बसाइ सराइको मात्रा विगतको द्वन्द्वका क्रममा अझ बढेको बुझिन्छ।

बसाइ सराइको यस्तो व्यापकता भए पनि खासगरी प्राकृतिक वा मानव सिर्जित प्रकोप तथा विपतहरू, मौसमी खाद्य अभाव वा रोजगारीका कमीका कारण घर परिवारहरूले अपनाउने बसाइ सराइको रणनीति बारेमा पर्याप्त वस्तुगत ज्ञानको कमी वा नगण्य जस्तो स्थिति छ। यस्तो बसाइ सराइ र खाद्य सुरक्षा, पोषण, एचआइभी/एड्स र खाद्य सहायताको बीचमा अन्तर्सम्बन्ध सम्बन्धी ज्ञानलाई प्रकाश पार्दै समग्र रूपमा खाद्य सहयोग कार्यक्रम तथा अन्य मानवीय सहयोगका लागि लक्षित कार्यक्रममा सुधार ल्याउनु यस अध्ययनको लक्ष्य हो।

यस अध्ययनको उद्देश्य खाद्य संकटका बखत अल्पकालीन बसाइ सराइको महत्त्व र संकट समाधानका उपायका रूपमा यसको उपादेयताका बारेमा विश्लेषण गर्नु तथा यसले खाद्य सहयोग तथा अन्य मानवीय सहयोग कार्यक्रममा पार्ने प्रभावका बारेमा विश्लेषण गर्नु हो। साथै यसले बसाइ सराइबाट हुने विप्रेषणका कारणहरू, यसले स्थानीय अर्थतन्त्रमा पार्ने असर तथा लाभहरू अनि बसाइ सराइसँग सम्बन्धित खतराहरू (खास गरी एचआइभी/एड्ससँग सम्बन्धी विषयहरू) का बारेमा पनि विश्लेषण गरेको छ।

अध्ययन पद्धति तथा अध्ययन गरिएको क्षेत्र

यो अध्ययन विश्व खाद्य कार्यक्रम र नेपाल विकास अनुसन्धान प्रतिष्ठानद्वारा गरिएको हो । यस क्रममा यस विषयसँग सम्बन्धित सन्दर्भ सामग्री र तथ्यहरू संकलनका साथै स्थलगत सर्वेक्षण गरी त्यसको विश्लेषण समेत गरियो ।

मध्य र सुदूर पश्चिम क्षेत्रमा खाद्य असुरक्षा र जोखिमताको स्थिति उच्च रहेको र द्वन्द्व तथा विभिन्न प्राकृतिक प्रकोपको प्रभाव पनि बढी रहेकाले यस कुरालाई दृष्टिगत गरी अध्ययनका लागि यहाँका जिल्लाहरू र अन्यत्र ६ जिल्ला गरी जम्मा १५ जिल्लाको छनोट गरियो । यसमा मध्य पहाडी जिल्लाहरू र कतिपय तराईका जिल्लाहरू समेत पर्दछन् । यी जिल्लाहरूमा लक्षित समूहमा छलफल (focus group discussion) का साथै विभिन्न गाउँहरूमा घरधुरी सर्वेक्षण गरियो । छनोट गरिएका जिल्लाहरू र घरधुरी सर्वेक्षण गरिएका गा.वि.स.हरू तालिका १ मा दिइएको छ ।

तालिका १: सर्वेक्षण गरिएका जिल्ला, गा.वि.स.र घर परिवार संख्या

जिल्ला	गा.वि.स. र घरधुरी संख्या	जम्मा घरपरिवार संख्या
नुवाकोट	राउतबेसी–१०, बेतिनी–१०, गाउँखर्ग–१०	३०
अछाम	देवीस्थान–१५, खप्तड–१५	३०
बाँके	बांकठी–१५, बेतनी–१५	३०
बाजुरा	जगन्नाथ–१०, जुकोट–१०, वाई–१०	३०
उदयपुर	लेखनी–१०, मायाखु–१०, सोरूङ छब्बिसे–१०	३०
ओखलढुङ्गा	थाक्ले–१५, तोस्केल–१५	३०
बाग्लुङ्ग	छिस्ती–१०, आर्गल–१०, धाम्जा–१०	३०
डोल्पा	मज्फाल–१०, कालीका–१०, नार्खु–१०	३०
कैलाली	फुलबारी–१५, श्री पुर–१५	३०
बझाङ्ग	रयाल–१५, भैरवनाथ–१५	३०
दैलेख	अवलपराजुल–१०, जम्बुखण्ड–१०, चामुंडा–९	२९
कालीकोट	ओदांकु–१०, छाप्रे–१०, मन्मा–१०	२९
सिराहा	सिस्वानी–१०, सीतापुर प्र. दा.–१०, सिराहा नगरपालिका–१०	३०
सप्तरी	गोबरगरूढ–१०, रामपुर मलहानिया–९, मलेठी–१०	२९
रूकुम	आठबिसकोट डाँडागाउँ–१०, आठबिसकोट–१०, माग्मा–१०	३०
कुल	**४० गा.वि.स.**	**४४७**

बाँके, जुम्ला, जाजरकोट, दैलेख र अछाममा लक्षित समूहसँगको छलफल दुई चरणमा गरियो । पहिलो चरणको छलफल घरधुरी सर्वेक्षणका बखत गरियो । त्यस बखत प्रत्येक जिल्लामा एउटा जिल्ला सदरमुकाम र अर्को गा.वि.स. स्तरमा छलफल गरियो । दोस्रो चरणको छलफल ५ वटा जिल्लाहरूमा बसाइ सराइबाट फिर्ता आएकाहरूसँगको सर्वेक्षणको बेलामा गरियो ।

यसका साथै बसाइ सराइमा जाने र फर्कने क्रममा रहेका मानिसहरूका बारेमा, खासगरी उनीहरूले गर्ने यात्राको माध्यम र मार्गका बारेमा जानकारी लिनका लागि नेपाल-भारत सीमानाका प्रमुख एघार नाकाहरूमा पनि सर्वेक्षण गरियो ।

यसरी संकलित तथ्याङ्कलाई व्यवस्थित गरी विश्लेषण गरी विभिन्न निष्कर्षहरू निकाल्ने काम भयो ।

बसाइ सराइ : घरपरिवारका आधारभूत विशेषताहरू

यो सर्वेक्षण १५ जिल्लाका जम्मा ४४७ घरधुरीमा गरियो । यसमध्ये करिब ८६% परिवारमा घरमूली पुरुष थिए । घर परिवार अधिक संख्यामा ब्राम्हण छेत्री (४०%) थिए भने त्यसपछि दलित (३०%) र जनजाति (१५%) थिए । करिब ३० प्रतिशत मात्रैले औपचारिक शिक्षा हासिल गरेका थिए भने २६% ले औपचारिक शिक्षा प्राप्त गरेका र एक तिहाइ जति निरक्षर रहेको पाइयो । ४४% भन्दा बढी परिवारहरूको घरमा खर अथवा बाँसको छाना र त्यसपछि ढुङ्गाको अथवा माटोको छाना भएको पाइयो । केबल २८% ले कुनै किसिमको शौचालय प्रयोग गर्थे भने ६६% ले खुला जमिन तथा खोला, तलाउको छेउमा दिसा-पिसाब गर्ने पाइयो ।

यस सर्वेक्षणमा विभिन्न घर परिवारहरूको आर्थिक स्थितिलाई ५ किसिममा वर्गिकरण गरिएको छ । जस अनुसार अति गरिब, गरिब, सामान्य, सामान्य भन्दा माथि र धनी पर्दछन् । यसका लागि घरपरिवारले आफैले मूल्याङ्कन गरेको भनाई साथै सर्वेक्षकहरूले घरको स्थिति हेरेर अन्दाज गरेको मूल्याङ्कन दुवैलाई आधार मानियो र विश्लेषण गर्दा यी दुवै मूल्याङ्कनहरू मिल्दोजुल्दो पाइयो । विश्लेषण अनुसार सर्वेक्षण गरिएका परिवारहरूमा करिब ३४% अति गरिब, ४३% गरिब, १८% सामान्य, ४% सामान्य भन्दा माथि तथा १% मात्रै धनी परिवार पाइयो । यसमध्य अति गरिब वर्गका ६५% परिवार दलित जातिको भएको पाइयो, जसले दलित जातिका परिवारहरूको गरिबीको स्थितिलाई पुष्टि गर्दछ ।

नेपाली अर्थतन्त्र, द्वन्द्व र बसाइ सराइ

नेपालको अर्थतन्त्र कृषिमा बढी आधारित छ । सन् २००३/०४ को तथ्याङ्क अनुसार ७८% जनसंख्या कृषिमा निर्भर रहेको पाइयो भने प्रति परिवार खेतीजन्य जमिनको औसत क्षेत्रफल भने घट्दै गएको छ । अधिकांश खेती योग्य जमिनमा सिंचाइको सुविधा छैन र परम्परागत निर्वाहमुखी खेती प्रणालीको कारण उत्पादकत्त्व कम छ, त्यसमा पनि सुख्खा तथा बाढीले पनि खेती बालीमा जोखिम पैदा गर्ने गरेको छ, जसले गर्दा मानिसहरू खाद्य असुरक्षाको जोखिमतामा रहने सम्भावना हुन्छ । सन् २००७ को तथ्याङ्क केलाउँदा देशको आवश्यकताको करिब ८०% खाद्यवस्तु देशभित्रको कृषिद्वारा पूर्ति भएको थियो भने बाँकी २०% आधारभूत खाद्य पदार्थ र अन्य कुराहरूका लागि अन्तर्राष्ट्रिय बजार – खासगरी भारतसँगको व्यापार – महत्त्वपूर्ण रहन जान्छ । सन् १९९५/९६ देखि २००३/४ सम्मको अवधिमा कृषिमा आधारित कुल गार्हस्थ उत्पादन (Agricultural GDP) वृद्धि भई दुई गुना भयो भने सोही अवधिमा

विदेशबाट विप्रेषण (remittance) को रकम वृद्धि भई चार गुनाभन्दा बढी हुन गयो । यही अवधिमा प्रति व्यक्ति उपभोग (consumption) पनि उल्लेख्य रूपमा वृद्धि भई रु. ६,८०२ बाट रु. १५,८४८ मा पुग्यो । तर धनी र गरिब समूहका विचमा भने यसमा उल्लेख्य रूपमा फरक रहन गयो । यसै अवधिमा रोजगारीमा पनि उल्लेख्य वृद्धि भएको पाइयो भने गैर कृषि क्षेत्रको अर्थतन्त्रमा प्रभाव पनि लगातार बढेर गयो ।

२०५२ सालमा छिटफुट रूपमा सुरु भएको माओवादी विद्रोह केही वर्ष भित्रमै देश व्यापी रूपमा विस्तार भएपछि देशमा द्वन्द्वको स्थिति रहन गयो भने हालै सम्पन्न संविधान सभा चुनावमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले सवैभन्दा बढी सभासद्हरू बिजयी गराउन सक्यो ।

द्वन्द्वका प्रभावहरू व्यापक र दर्दनाक रहे । १३, ००० भन्दा बढी मानिसको मृत्यु भयो भने धेरै भौतिक संरचनाहरू बिग्रे अथवा नष्ट भए । मध्य पश्चिम र सुदूर पश्चिमका पहाडी जिल्लाहरू द्वन्द्वबाट बढी प्रभावित भए ।

द्वन्द्वका कारण मानिसहरूको जीविकामा पनि ठूलो असर पऱ्यो । विकासका कामहरू न्यून भए, यसरी निर्माण कार्यमा संलग्न भई प्राप्त हुने ज्यालादारी आम्दानीमा कमी आयो र कतिपय मानिसहरूका सम्पत्तिहरू पनि जबरजस्ती कब्जा भए । बाली लगाउने र थन्क्याउने काममा पनि असर परेकाले खाद्यान्नको उपलब्धतामा कमी आयो भने बजार सम्मको पहुँचमा पनि बाधा पर्न गयो । खाद्यान्न र वैकल्पिक रोजगारीमा आएको कमीले बसाइ सराइमा पनि वृद्धि भयो भने भारतमा रहेका धेरै नेपालीहरू द्वन्द्व प्रभावित आफ्नो गाउँघरमा फर्कनु भन्दा उतै रहेका समाचारहरू आए । कतिपय जिल्लामा एक ठाउँबाट अर्को ठाउँमा जान पनि कठिन हुन गयो भने भारतबाट फर्केर आउने क्रममा कमाएर ल्याएको पैसा पनि सीमा क्षेत्रमा र आफ्नो घर जाने बाटोमा जबरजस्ती असुली गरिएको खबर पनि सुनिए ।

यसरी द्वन्द्वका कारण विभिन्न कठिनाई र समस्या हुँदा हुँदै पनि यी वर्षहरूमा विदेशबाट विप्रेषणको मात्रा वास्तवमा बढ्न गयो र नेपालको अर्थतन्त्रलाई धान्न यसले राम्रैसँग सहयोग पुऱ्यायो ।

२

बसाइ सराइ किन गर्छन् ?

रोजगारीको लागि बसाइ सराइ गर्ने कारक तत्त्वमा एक त आफ्नो क्षेत्रमा भएको गरिबी वा कम अवसरको कारणले बाहिर जानु पर्ने (push factor) र अर्कोतिर गन्तव्य स्थलमा सम्भावित राम्रो अवसरले आकर्षण गर्ने (pull factor) गरी दुइटा कुरा पर्दछन् ।

तालिका २ बाट के स्पष्ट हुन्छ भने खाद्यान्नको कमी र रोजगारीको अभाव सर्वेक्षण गरिएका परिवारहरूमा बसाइ सराइका सबै भन्दा बढी महत्त्वपूर्ण कारणहरू हुन् । रोजगारीको कमी हुनु सबै समूहका परिवारहरूका लागि बसाइ सराइको महत्त्वपूर्ण कारण हो भने खासगरी अति गरिब, गरिब र औसत आयस्तर सम्मका परिवारका लागि खाद्यान्न अभाव पनि महत्त्वपूर्ण कारण हो । अन्य कारणहरूमा प्राकृतिक प्रकोप, थप आम्दानीको आवश्यकता र ऋण तिर्ने बाध्यता पर्दछन् ।

तालिका २ : बसाइ सराइका कारण

बसाइ सराइका कारण	समग्रमा		आर्थिक स्थिति अनुसारका समूहमा							
			अति गरिब		गरिब		औसत		औसत भन्दा माथि	
	संख्या	%	संख्या	%	संख्या	%	संख्या	%	संख्या	%
खाद्यान्नको कमी	५७	२९.८४	२४	३६.९२	२५	३४.२५	८	२१.६२	-	-
रोजगारीको कमी	९९	५१.८३	२८	४३.०८	३०	४१.१०	२६	७०.२७	१५	९३.७५
प्राकृतिक प्रकोप	९	४.७१	४	६.१५	४	५.४८	१	२.७०	-	-
अशान्ति र बन्दहरु	२	१.०५	-	-	१	१.३७	-	-	१	६.२५
थप आम्दानीको आवश्यकता	१५	७.८५	५	७.६९	९	१२.३३	१	२.७०	-	-
ऋण	५	२.६२	१	१.५४	४	५.४८	-	-	-	-
अन्य	४	२.०९	३	४.६२	-	-	१	२.७०	-	-
कुल	**१९१**	**१००.०**	**६५**	**१००.०**	**७३**	**१००.०**	**३७**	**१००.०**	**१६**	**१००.०**

स्रोत : घरधुरी सर्वेक्षण (मंसिर २०६४)

सर्वेक्षण गरिएका समुदायहरूमा पहिल्यैदेखि स्थापित बसाइ सराइको प्रकृतिले उनीहरूमा भारतमा रोजगारीका अवसरका बारेमा जानकारी भएको जनाउँछ र यसकारण यो उनीहरूको आम जीविकाको रणनीतिकै एक अंश भएको बुझिन्छ । यसैकारणले होला अधिकांश बसाइ सराइ गर्नेहरू भविष्यमा पनि पुनः बसाइ सराइमा जाने विचार रहेको बताउँछन् (तालिका ३) ।

तालिका ३ : बसाइ सराइबाट फर्केकाको यस पछिका बारेमा विचार

के तपाइको भविष्यमा फेरि बसाइ सराइ गर्ने विचार छ ?	प्रतिशत
छ	८४.३
छैन	१४.६
थाहा छैन	१.०

स्रोत : नाकाको सर्वेक्षण (कार्तिक र मंसिर २०६४)

> "हाट गया जुम्ली चैत बाहसम्म नपुग्या, मऱ्या भनी जान्नु" ।
>
> अर्थात परदेश गएको जुम्ली चैत्र बाह्र (परम्परागत रूपमा धानको बिऊ राख्ने दिन) सम्म फर्की आएन भने ऊ मरेछ भनी बुझ्नु ।

मौसमी बसाइ सराइको प्रवृत्ति धेरै पहिलादेखि नै खेतीपातीसँग सम्बन्धित रहने गरेको छ । तालिका ४ मा तराई, पहाड तथा हिमाली भेगमा मुख्य खेतीबालीको समयको साथै बसाइ सराइ तथा खाद्य असुरक्षाका मूल प्रवृत्तिहरू देखाइएको छ । बाली लगाउने, बाली थन्क्याउने तथा चाडपर्वहरू बसाइ सराइमा संलग्न धेरै मानिसहरूलाई घरबाट जाने वा घरबाट फर्कने समय निर्धारणका लागि प्रमुख कारक रहँदै आएका छन् । यसरी खेती बालीको पात्रो बसाइ सराइसँग यति गहिरोसँग जोडिएको छ कि जुम्लामा स्थानीय स्तरमा चली आएको भनाइ छ "हाट गया जुम्ली चैत बाहसम्म नपुग्या, मऱ्या भनी जान्नु" । अर्थात परदेश गएको जुम्ली चैत्र बाह्र (परम्परागत रूपमा धानको बिऊ राख्ने दिन) सम्म फर्की आएन भने ऊ मरेछ भनी बुझ्नु ।

बसाइ सराइका लागि गाउँ बाहिर जाने मुख्य समय चाहिँ खाद्य असुरक्षाको बखत भन्दा पनि खेतीपातीको समय र चाडपर्वसँग बढी सम्बन्धित देखिन्छ । हिमाली, पहाडी र तराईका जिल्लाहरूमा जताततै यो लागु हुन्छ । यो यस्तो किसिमले मिलाइएको पाइन्छ कि कृषिको खासै काम नहुने मौसम (बेमौसम) मा हुन जाने अतिरिक्त श्रम बसाइ सराइ गरी कमाइमा लगाएर त्यसले परिवारको आम्दानी तथा खाद्य सुरक्षामा सघाउ पुऱ्याउने गरिन्छ । लक्षित समूहहरूसँगको छलफलमा पनि मौसमी बेरोजगारीको समस्याको एक उपायको रूपमा बसाइ सराइ गरिन्छ । कतिपय बसाइ सराइमा संलग्न व्यक्तिहरूले के बताए भने यी मौसमहरूमा भरपर्दो रोजगारीको अवसर भएमा उनीहरू बाहिर जाने थिएनन् वा जाने सम्भावना कम रहन्थ्यो । लक्षित समूहहरूका छलफलमा सहभागी धेरै जनाले तीन महिनासम्म पूर्ण रोजगारीको अवसर पाएमा बसाइ सराइ नगर्ने बताए ।

तालिका ४: भौगोलिक क्षेत्र अनुसार खेतीबाली, बसाइ सराइ र खाद्य असुरक्षाका मुख्य महिनाहरू



स्रोतः १) कृषि तथा खाद्य संगठन/विश्व खाद्य कार्यक्रम, खाद्य सुरक्षा अध्ययन मिसन नेपाल; २) समूहमा छलफल (चैत्र २०६४); ३) विश्व खाद्य कार्यक्रम नेपालका खाद्य सुरक्षा बुलेटिनहरू

अर्कोतिर खडेरी, बाढी, पहिरो आदि प्राकृतिक प्रकोपका कारण बालीनालीमा, सम्पत्तिमा हुने क्षति वा घरपरिवारको कुनै सदस्यको मृत्युका कारणले हुने विपतका कारण पनि बसाइ सराइलाई प्रभावित गर्ने गरेको छ। विगतमा द्वन्द्व पनि कतिपय क्षेत्रहरूबाट बसाइ सराइको कारण रहन गयो भने कतिपय ठाउँमा भारतमा गएर काम गर्ने परम्परागत चलनका कारण पनि मानिसहरूले जीविकोपार्जनको एक माध्यमको रूपमा यसलाई उपयोग गर्दै आएका छन्।

एकातिर आफ्नो गाउँघरको समस्याको कारण छ भने भारतमा तुलनात्मक रूपमा बढी अवसर र आम्दानी हुने कारणले पनि मानिसहरू उता जाने गरेका छन्।

बसाइ सराइमा जाने एक ब्यक्तिको भनाई

घरमा धेरै समस्या थिए । तीन वर्ष लगातार खडेरी पऱ्यो । हल गोरु मऱ्यो । मेरो विवाह पनि भयो । हामीले महङ्गो खाद्यवस्तु किन्नुपर्ने भयो । मेरो बुबाआमा बिरामी हुनु भयो र औषधी खर्च महङ्गो भयो । हामी गरिब भएकाले यी प्रत्येक समस्या पर्दा ऋण लिनु पर्थ्यो । यसरी हामीलाई ३५ हजार रुपैयाँ ऋण लाग्यो ।

त्यसपछि मसँग भारत जानु बाहेक अर्को विकल्प थिएन । म हिमाचल प्रदेशको कुलु र मनाली गएँ । पहिला एउटा प्रोजेक्टमा ढुङ्गा फोर्ने काम गरेँ । त्यसपछि ट्र्याक्टर चलाउन सिकेँ र ड्राईभरको काम पाउन सकेँ ।

मैले पुरानो ऋण तिरिसकेँ । एउटा रङ्गीन टेलिभिजन पनि किनेँ । तर हाम्रो गाउँमा बिजुली नभएकोले यसका लागि सोलार जडान गरेँ । यसका लागि मैले फेरि मासिक सयकडा पाँचको ब्याज दरमा २५ हजार ऋण लिएँ ।

यो ऋण तिर्नका लागि म फेरि भारत जान्छु । हालै म घरमा आउँदा म नभएको बेलामा अर्को ऋण लिएको थाहा पाएँ । त्यो पनि तिर्नुपर्ने छ । पुरा ऋण तिर्नका लागि पुग्ने कमाई नभएसम्म म उतै काम गर्ने बिचार छ ।

सन्तोष नेपाली (जुम्लाको कुदारी गा.वि.स. वडा नं. ६, नुवाकोटका २९ वर्षीया बासिन्दा)

सर्वेक्षण गरिएका मध्ये भारतमा सबैभन्दा बढीले भरिया काम (३२%) गरेको पाइयो भने त्यसपछि चौकीदारी, होटलमा काम गर्ने, निर्माण कार्यमा मजदुरी, कारखानाको मजदुरी र कृषि मजदुरी उल्लेख्य छन् (चित्र-१)। यसरी स-साना कामहरूमा संलग्न भएतापनि नेपालमा पाइने ज्याला भन्दा भारतमा उल्लेख्य रूपमा बढी रहेको पाइन्छ।

चित्र १ : बसाइ सराइमा भारतमा गई गर्ने कामको प्रकृति



स्रोत : फर्केर आएकाहरूसँगको सर्वेक्षण (चैत्र २०६४)

3

बसाइ सराइ कसले र कसरी गर्छन् ?

अध्ययन अनुसार बसाइ सराइ गर्ने ७०% भन्दा बढी मानिसहरू अति गरिब अथवा गरिब वर्गका पर्दछन् भने औसत आर्थिक स्तर भन्दा माथिका भने करिब ५% मात्रै पर्दछन् । ७५% मानिसहरू १९ देखि ४४ वर्ष सम्मका पाइयो भने १३% मानिस ४४ वर्ष माथिका पाइयो । त्यस्तै बसाइ सराइ गरेका मध्य ३१% दलित, १९% जनजाति तथा ४४% बाहुन छेत्री पाइयो । त्यस्तै धेरै जसो पुरुष पाइयो भने ५.९% महिला पाइयो, महिलाको हकमा एक तिहाइ जति १८ वर्ष मुनिका पाइयो । बसाइ सराइमा संलग्न मध्य २२% निरक्षर रहेछन् भने ५७% सामान्य साक्षर र २१% ले मात्रै माध्यमिक विद्यालयसम्म पढेका भेटियो । सर्वेक्षण गरिएका क्षेत्रमा ७६% भन्दा बढी परिवारमा कम्तीमा एक जना सदस्य गाउँबाट बाहिर काममा गएको भेटियो । करिब १३% परिवारका दुई सदस्य, ६% परिवारका ३ सदस्य र २.४% परिवारका ४ सदस्यहरू बाहिर काममा गएका थिए ।

पूर्वाञ्चल विकास क्षेत्रमा पशुपतिनगर, काकरभिट्टा, जोगबनी र मदर, मध्यमाञ्चलका भित्तामोड र रक्सौल, पश्चिमाञ्चलको भैरहवा, मध्य पश्चिमाञ्चलको रूपैडिया र गुलरिया तथा सुदूर पश्चिमाञ्चलका गौरीफन्टा र गड्डाचौकी गरी नेपाल भारत सिमानाका ११ ठाउँहरूमा सर्वेक्षण गरियो । यो सर्वेक्षण दुई चरणमा गरियो । पहिलो सर्वेक्षण दशैँ पर्वको ठीक अगाडि भने दोस्रो चाहिँ मंसिरमा वर्षे बाली थन्क्याइसकेपछि र हिउँदे बाली लगाएपछिको बेलामा गरियो । पहिलो सर्वेक्षणले गाउँमा फर्कन आउँदै गरेको मानिसहरूलाई लक्षित गऱ्यो भने दोस्रोले भारत जाँदै गरेकालाई । दुवै सर्वेक्षणहरू एक हप्ता सम्मका लागि एघार वटै स्थानहरूमा एकै साथ गरियो ।

सर्वेक्षण गरिएको हप्ता अवधिमा बाहिर जाने मानिसहरू सबैभन्दा धेरै भैरहवा (२०,००० भन्दा बढी), गड्डाचौकी (१५,००० भन्दा बढी) र रूपैडिया (१०,०००) नाकाबाट पाइयो भने नेपाल भित्र फर्कनेहरूमा सबैभन्दा धेरै रूपैडिया (९,००० भन्दा बढी) गड्डाचौकी (९,००० भन्दा बढी) र भैरहवा (३,००० भन्दा बढी) पाइयो ।

बसाइ सराइको लागि यात्रा गर्नेहरूमा आउने र जानेहरू दुवैमध्य करिब आधा जति सिमानाको नाका सम्म एक दिनमा पुगिने ठाउँबाट यात्रा सुरु गरेको भेटियो र प्रायले बस अथवा रेलमा यात्रा गरेको पाइयो । यात्रा गर्दा खेरि रात्रीको वास बस्दा नेपाल भित्र बढीले होटल वा होस्टलमा बसेको (५४%) वा नातेदार वा साथीसँग बसेको (१८%) पाइयो भने भारतमा भने अधिकांशले बस अथवा रेलमा रात बिताएको (७८%) पाइयो । बसाइ सराइमा जाने मध्ये विभिन्न ठाउँका मानिसहरू भारतमा जाने मुख्य स्थानहरू तालिका ५ मा देखाइएको छ ।

यस अध्ययनबाट विभिन्न सीमा नाकाहरू प्रयोग गर्दै बसाइ सराइ गर्नेहरूले प्रयोग गर्ने बाटो र मुख्य उद्‌गम तथा गन्तव्य स्थलहरूको नक्सा तयार पारियो । अध्ययन गरिएका एघार सीमा नाकाहरूमध्य मध्य पश्चिम र सुदूर पश्चिम क्षेत्रकाले प्रयोग गर्ने चार नाकाहरूसँग सम्बन्धित नतिजा नक्सा १, २, ३ र ४ मा देखाइएको छ । यी नक्साहरूबाट के देखिन्छ भने मानिसहरू बसाइ सराइ गर्दा आफ्नो गाउँबाट नजिकको सिमानाको नाका प्रयोग गर्न रुचाउँदा रहेछन् । साथै बसाइ सराइको लागि यात्रामा जाने मानिसहरूका लागि स्वास्थ्य तथा एचआईभी/एड्‌सको चेतना बढाउने कार्य गर्न मुख्य ठाउँहरू पहिचान गर्न पनि यी नक्साहरू उपयोगी हुन सक्दछन् ।

तालिका ५ : बसाइ सराइमा जानेहरूको उद्‌गम स्थान र भारतका प्रमुख गन्तव्य

उद्‌गम			
विकास क्षेत्र	भौगोलिक क्षेत्र	जिल्ला	भारतमा जाने मुख्य गन्तव्य
सुदूर पश्चिमाञ्चल	हिमाल	बाजुरा	गरवाल, दिल्ली, मुम्बई
		बझाङ	बैंग्लोर, दिल्ली, पंजाब, हरियाणा, उत्तराञ्चल, हिमाचल प्रदेश
	पहाड	अछाम	महाराष्ट्र, मुम्बई, सुरत, दिल्ली, हैदराबाद, नागपुर, पिथौरागढ, पंजाब
	तराई	कैलाली	उत्तर प्रदेश, दिल्ली, मद्रास, मुम्बई
मध्य पश्चिमाञ्चल	हिमाल	जुम्ला	उत्तराञ्चल, हिमाचल प्रदेश
		कालीकोट	उत्तराञ्चल, हिमाचल प्रदेश, अहमदाबाद, महाराष्ट्र, मुम्बई
		डोल्पा	दिल्ली, कालापहाड, मुम्बई
	पहाड	दैलेख	उत्तराञ्चल, हिमाचल प्रदेश, अहमदाबाद, महाराष्ट्र, मुम्बई, दिल्ली, कालापहाड, नागपुर, गढवाल, कुमाउँ, हृषीकेश, कार्गिल, अल्मोडा
		जाजरकोट	गरवाल, मुम्बई
		रुकुम	सिमला, कार्गिल, कोलकाता, मुम्बई, कालापहाड, गोवा, दिल्ली, बैंग्लोर
	तराई	बाँके	दिल्ली, मुम्बई, सिमला, गढवाल, काश्मीर, गुजरात
पश्चिमाञ्चल	पहाड	बाग्लुङ	कोलकाता, दिल्ली, मुम्बई
मध्यमाञ्चल	पहाड	नुवाकोट	मुम्बई, हिमाचल प्रदेश, काश्मीर
पूर्वाञ्चल	पहाड	ओखलढुङ्गा	कोलकाता, मेघालय, आसाम
		उदयपुर	मेघालय, आसाम, दिल्ली, काश्मीर, हिमाचल प्रदेश
	तराई	सप्तरी	दिल्ली, पंजाब
		सिराहा	दिल्ली, पंजाब, लुधियाना, कोलकाता

स्रोत : लक्षित समूहसँगको छलफल (फागुन र चैत्र २०६४)

नक्सा १ : गड्डा चौकी नाका हुँदै हुने बसाइ सराइका मार्गचित्र



नक्सा २ : गौरीफन्टा नाका हुँदै हुने बसाइ सराइका मार्गचित्र



नक्सा ३ : सुरजपुर नाका हुँदै हुने बसाइ सराइका मार्गचित्र



नक्सा ४ : रुपैडिया नाका हुँदै हुने बसाइ सराइका मार्गचित्र



४

बसाइ सराइमा लाग्ने खर्च

बसाइ सराइमा लाग्ने खर्चमा उल्लेख्य भिन्नता पाइन्छ। गन्तव्य स्थल र व्यक्तिको खर्च गर्न सक्ने क्षमतामा निर्भर गर्ने कुरा त छँदैछ, समग्रमा मध्य र सुदूर पश्चिमका क्षेत्रहरूका मानिसहरूले अन्य क्षेत्रका मानिसहरूले भन्दा कम खर्च गरेको भेटियो। तालिका ६ बाट देखिन्छ कि सर्वेक्षण गरिएका परिवारहरूमा भारतमा भन्दा नेपाल भित्रकै गन्तव्यमा बसाइ सर्न लाग्ने खर्च औसतमा बढी छ।

तालिका ६ : गन्तव्य अनुसार बसाइ सराइको औसत खर्च

बसाइ सराइ	खर्च (रू.)
नेपाल भित्र	३,७५०
भारत तर्फ	२,५५३
तेस्रो मुलुक तर्फ	८९,८४७

स्रोत : घरधुरी सर्वेक्षण (मंसिर २०६४)

समग्रमा बसाइ सराइमा जाने मध्य करिब ७०% ले भारत जान लाग्ने खर्चका लागि ऋण लिने गरेको पाइयो। दलितहरू मध्ये ८७% ले, बाहुन छेत्रीमा ६७% ले र जनजातिमा ६०% ले ऋण लिने गरेको पाइयो। तालिका ७ ले विभिन्न आर्थिक स्थिति समूहका व्यक्तिहरूको बसाइ सराइका लागि खर्चको स्रोत प्रष्ट्याउँछ।

तालिका ७ : आर्थिक स्तर र बसाइ सराइको खर्चको स्रोत

स्रोत	समग्रमा %	आर्थिक स्तर			
		अति गरिब %	गरिब %	औसत %	औसत भन्दा माथि %
आफ्नै बचत	२१.४५	५.६७	२४.४०	३५.९०	४२.८६
बैंकबाट ऋण लिएको	२.४१	०.७१	१.१९	५.१३	१०.७१
साहुबाट ऋण लिएको	७१.३३	९०.०७	६७.२६	५५.१३	४६.४३
अन्य स्रोतबाट ऋण लिएको	२.८९	१.४२	४.७६	२.५६	
सम्पत्ति/सामान बेचेर	०.४८	१.४२	-	-	
अन्य	१.४५	०.७१	२.३८	१.२८	
कुल	**१००.०**	**१००.०**	**१००.०**	**१००.०**	**१००.०**

स्रोत : घरधुरी सर्वेक्षण (मंसिर २००७)

ऋण लिन आधिकारिक संस्थामा पहुँच नहुँदा धितो राख्ने वस्तु नभएका गरिबहरूका लागि परम्परागत रूपमा साहुबाट ऋण लिनु नै एक मात्र स्रोत रहेको छ। यसरी उनीहरूले अति चर्को ब्याज दरमा ऋण लिनु पर्छ र छलफलका क्रममा ३०देखि ६०% सम्म ब्याज तिर्नु परेको पाइयो। यसरी केहि समय पछि ब्याज नै साँवा भन्दा बढी हुन सक्दछ र साँवा ब्याज दुवै तिर्न गरिबहरूलाई गाह्रो हुने हुँदा उनीहरूको गरिबीको चक्र जारी रहनलाई यसले सघाउ पुऱ्याउने गरेको छ। केही अति गरिब व्यक्तिहरूले बसाइ सराइको खर्च जुटाउन स्थायी सम्पत्ति बेच्ने गरेको पनि पाइयो शायद उनीहरू अति गरिब भएका कारण साहुले ऋण दिन पनि विश्वास नगरेकोले होला। औसत भन्दा माथि आर्थिक स्तर हुनेहरू मध्य साहुबाट ऋण लिने भन्दा आफ्नै बचत प्रयोग गरेको बढी पाइयो।

५ बसाइ सराइ र विप्रेषण

नेपालमा आधिकारिक तथ्याङ्क अनुसार देशको कुल गार्हस्थ उत्पादनको करिब १५% बसाइ सराइ गरेका मानिसले पठाएको विप्रेषण (Remittance) बाट आएको छ। यो रकम सन् २००० मा अनुमानित ११ करोड अमेरिकी डलर (वर्तमान विनिमय दर अनुसार करिब ८ अर्ब २५ करोड रुपैयाँ) बाट बढेर सन् २००७ सम्म आउँदा १ अरब ६० करोड डलर (करिब १ खर्ब २० अर्ब रुपैयाँ) सम्म पुगेको छ। तर यो आधिकारिक रूपमा उल्लेख भएको मात्र आँकडा हो; विभिन्न औपचारिक र अनौपचारिक माध्यमबाट भित्रिने रकम सबै जोड्दा विप्रेषणको वास्तविक मात्रा यो भन्दा धेरै बढी भएको विश्वास गरिन्छ। नेपालमा सन् १९९५/९६ बाट २००३/०४ सम्म गरिबीको रेखा मुनि रहेको जनसंख्या ४२% बाट घटेर ३१% सम्म झर्नुमा पनि विप्रेषण एउटा महत्त्वपूर्ण कारक तत्त्व रहेको थियो। त्यो अवधिमा नेपालमा विप्रेषणबाट रकम प्राप्त हुने घर परिवारको मात्रा २३% बाट बढेर ३२% पुग्न गयो। यस्तै समग्र विप्रेषणको रकममा नेपाल भित्र र भारत भित्रबाट हुने विप्रेषणको प्रतिशत उल्लेख्य रूपमा घट्न गयो भने अन्य मुलुकबाट आउने विप्रेषण २२% बाट बढ्न गई ५३% पुग्यो। भौगोलिक रूपमा हेर्दा अन्य क्षेत्रहरूका तुलनामा समग्र विप्रेषणमा भारतबाट आउने विप्रेषणको मात्रा मध्य-पश्चिम (६०%) र सुदूर पश्चिम (६३%) विकास क्षेत्रमा बढी रह्यो।

विप्रेषणको माध्यमका सम्बन्धमा यस सर्वेक्षण अनुसार भारतमा गएकाहरू मध्य ९७% भन्दा बढीले आफै आउँदा पैसा लिएर आउने गरेको पाइयो भने अन्य २% ले साथीका हातमा पठाएको पाइयो।

घर परिवारले विप्रेषण मार्फत पाउने रकममा धेरै भिन्नता पाइयो। सबै मुलुकहरूबाट आउने विप्रेषण समावेश गर्दा सर्वेक्षण गरेका घरपरिवारमा सालाखाला बार्षिक रु. ३६,००० अर्थात मासिक रु. ३,००० प्राप्त भएको देखियो। सर्वेक्षण गरिएको क्षेत्र बाग्लुङ पनि परेको र यहाँका धेरै मानिसहरू जापान, अन्य विकसित देशहरू र भारतीय सेनामा काम गर्ने भएकाले शायद यसका कारण यो रकम बढी देखिन गएको होला। अधिकांश मानिसहरू भारत जाने गरेका मध्य र सुदूर पश्चिम क्षेत्रमा भने सालाखाला वार्षिक विप्रेषण रु. १५,००० रहेको छ। चित्र २ मा भारत, नेपाल भित्रै र अन्यत्र जाने सदस्यबाट परिवारमा प्राप्त हुने औसत वार्षिक विप्रेषण देखाइएको छ। औसत वार्षिक विप्रेषण भारतबाट सबभन्दा कम (लगभग रु. ९,८००) छ भने त्यसपछि नेपालबाट (रु. १४,८३०) र अन्य मुलुकहरूबाट भने उल्लेख्य रूपमा बढी (रु. ८३,०००) छ।

आर्थिक स्तर र विप्रेषणको रकम बारेमा विश्लेषण गर्दा धेरै गरिब (जुनसुकै गन्तव्यमा भए पनि) व्यक्तिहरूले कम रकम पठाउने गर्दछन् भन्ने पाइयो (तालिका ८)। यसले के जनाउँछ भने विप्रेषणको मात्रा मानिसको ज्ञान, शिक्षा र रोजगारीको लागि चाहिने योग्यता सम्बन्धित छ।

चित्र २ : नेपाल, भारत र तेस्रो मुलुकहरूबाट प्राप्त वार्षिक विप्रेषण (रुपैयाँ)



स्रोत : घरधुरी सर्वेक्षण (मंसिर २०६४)

तालिका ८ : व्यक्तिको आर्थिक स्तर र गन्तव्य स्थल तथा विप्रेषण रकम

आर्थिक स्तर	औसत बार्षिक विप्रेषण		
	नेपाल	भारत	तेश्रो मुलुक
अति गरिब	६,२१९	६.१७७	४६,५४५
गरिब	६,६३७	८,२०९	३८,९२९
औसत	२५,२३८	२२,८२४	१०८,८१०
औसत भन्दा बढी	४८,७५०	२३,२८६	११७,३५७

स्रोत : घरधुरी सर्वेक्षण (मंसिर २०६४)

सायद उनीहरूको आत्मविश्वासको स्तर, शिक्षाको स्तर वा भारतमा जातीय विभेदका कारण हुन सक्छ, दलित जातिहरूले पठाउने विप्रेषण अन्य जातिको भन्दा धेरै कम अर्थात् लगभग आधा रहेको पाइयो ।

चित्र ३ मा भारतमा बसाइ सरेकाको परिवारले विभिन्न महिनामा प्राप्त गरेको औसत विप्रेषण (रुपैयाँ) देखाइएको छ । यसको नेपालमा खेतीबाली, बसाइ सराइ र खाद्य असुरक्षाका महिनाहरूसँग सम्बन्ध देख्न सकिन्छ । अधिकांश मानिसहरूले विप्रेषणको रकम आफै लिएर आउने भएकाले भारतबाट भित्रिने विप्रेषण मानिसहरू घरमा आउने मुख्य महिनाहरू (चैत्र, बैशाख र दशै पर्व शुरु हुन अगाडिको समय) मा बढी हुने गरेको छ । श्रावण भदौ तिर भने विप्रेषणको रकम सबभन्दा कम देखिन्छ ।

चित्र ३ : विभिन्न महिनामा परिवारमा प्राप्त हुने औसत विप्रेषण



स्रोत : घरधुरीको सर्वेक्षण (मंसिर २०६४)

सर्वेक्षण अनुसार विप्रेषणको अधिकांश रकम शिक्षा, कपडा र खानामा (यी तीनमा गरी जम्मा ६८%) खर्च हुँदो रहेछ भने त्यस पछि स्वास्थ्य र उपचारमा (चित्र ४) । पाँच प्रतिशत भन्दा पनि कम मानिसले विप्रेषणको रकमबाट बचत गर्ने वा आवश्यक सम्पत्ति किन्नमा खर्च गर्न सकेको पाइयो । छलफलका सहभागीहरूले बताए अनुसार धेरै जसोको लागि बसाइ सराइमा जानु नैं गैरकृषि जन्य आवश्यकताहरू (लुगा, कपडा, औषधी आदि) खरिद गर्नका लागि एक मात्र विकल्प रहेको छ ।

चित्र ४ : घरपरिवारद्वारा विप्रेषणको प्रयोग



स्रोत : घरधुरी सर्वेक्षण (मंसिर २०६४)

६

बसाइ सराइसँग सम्बन्धित नकारात्मक पक्षहरू

बसाइ सराइबाट हुने विभिन्न फाइदाहरूका साथै यसका कारणले सम्बन्धित व्यक्ति, समुदाय र आफ्नो मुलुकलाई समेत हुने जोखिम अथवा नकारात्मक पक्षहरू समेत बिर्सनु हुँदैन । बसाइ सराइमा जानेहरूले एकातिर प्रवासमा तल्लो स्तरको काममा संलग्न हुनु पर्ने, नराम्रो अवस्थामा बस्नु पर्ने, विभिन्न स्वास्थ्यका समस्याहरूको जोखिममा रहनु पर्ने तथा आफ्नो समुदाय र परिवारबाट टाढा रहनु पर्ने पीडा भोग्नु पर्ने हुन्छ भने अर्को तिर घर परिवारमा सक्षम मानिस बाहिर भएकोले खास गरी महिला, बूढाबुढी र केटोकटीले विभिन्न समस्या भोग्नु पर्ने हुन्छ । त्यस्तै राष्ट्रिय रूपमा हेर्दा बसाइ सराइबाट आउने विप्रेषणबाट देशमा विदेशी मुद्राको प्रवाह हुने भएतापनि यसरी आम्दानीको लागि परनिर्भरताले अर्थतन्त्रमा जोखिम आउने साथै बसाइ सराइका कारणले रोग व्याधि तथा महामारी फैलिन सक्ने खतरा पनि रहन जान्छ ।

बसाइ सराइसँग सम्बन्धित नकारात्मक पक्षहरू मध्य स्वास्थ्य सम्बन्धी समस्या एक प्रमुख विषय हो । यसमा पनि भारतमा बसाइ सराइमा जाने गरिब नेपालीहरूका लागि एचआईभी/एड्स शायद सबभन्दा डरलाग्दो समस्या हुन सक्छ । उनीहरूमा गरिबी तथा अशिक्षाका कारण एड्ससम्बन्धी पर्याप्त ज्ञानको कमी र प्रवासमा रहँदा घरपरिवारबाट टाढा रहनु पर्ने अवस्थाले भारतका प्रमुख शहरहरूमा यौनकर्मी महिलाहरूसँग संसर्ग हुने सम्भावनाका कारण एड्सको जोखिममा पर्न सक्दछन् । साथै क्षयरोग (TB) दक्षिण एशियाकै शहरी क्षेत्रमा बस्ने गरिबहरूका लागि ठूलो समस्या रहेको छ तथा प्रवासमा रहँदा सानो कोठामा धेरै जना बस्नु पर्ने र पर्याप्त पोषणयुक्त खानाको कमी आदिका कारण उनीहरू यसबाट संक्रमित रहने सम्भावना बढी हुन्छ । यसरी एड्स तथा क्षयरोग दुवैका कारण उनीहरूको जीवनमा हुने खतरालाई कम आंकलन गर्न मिल्दैन । यी दुवै रोग प्राण घातक त छँदै छन् भने यदि दुवै रोगले मानिसलाई सङ्क्रमण भएमा स्थिति अत्यन्त नाजुक हुन सक्छ ।

विभिन्न अध्ययनहरूले देखाए अनुसार यसरी छोटो समयका लागि बसाइ सराइ गर्नेहरूमा एड्सको समस्या उल्लेख्य रूपमा भएको बुझिन्छ । सन् २००२ मा गरिएको एक अध्ययनले नेपालको पश्चिम, मधय पश्चिम तथा सुदूर पश्चिमबाट भारतको मुम्बईमा बसाइ सराइमा जाने मध्य ८% भन्दा बढीमा एचआईभी भएको देखायो । फागुन २०६४ मा दैलेखको एक गाउँमा यस अध्ययनको सिलसिलामा भएको औपचारिक छलफलमा एक स्थानीय स्वास्थ्य कर्मीले बताए अनुसार त्यस गाउँबाट मुम्बई बसाइ सराइमा जानेहरू मध्य परीक्षण गरिएकाहरूमा ३०% भन्दा बढीमा एचआईभी भएको पाइयो । यस्ता तथ्याङ्कको स्वतन्त्र पुष्टि हुन नसके तापनि एचआईभी अहिले नै कतिपय जिल्लाहरूमा ठूलो मात्रामा संक्रमित भएको

हुन सक्छ । एड्ससम्बन्धी संयुक्त राष्ट्रसंघीय कार्यक्रम (UNAIDS) को एक अध्ययन अनुसार मौसमी बसाइ सराइ गर्नेहरूमा अन्य समूहमा भन्दा दुई गुना बढी व्यक्तिहरूमा एचआईभी भएको पाइयो । भाद्र २०६४ को अर्को एक अध्ययनमा बसाइ सराइ गरेर फर्किएका मानिसहरू मध्ये पश्चिमी जिल्लाहरूमा १७.२% ले र मध्य तथा सुदूर पश्चिमी जिल्लाहरूमा २६.९% ले भारतमा बसाइ सराइको बेला यौनकर्मीसँग संसर्ग गरेको देखियो । प्रति व्यक्तिले एक जनादेखि ६० जनासम्म यौनकर्मी कहाँ गएको पाइयो । यी दुवै क्षेत्रमा गरी केबल ६०% ले मात्र कन्डम प्रयोग गरेको भेटियो । त्यस्तै ९०% भन्दा बढीले एचआईभी/एड्सको बारेमा सुनेको भएता पनि उनीहरूमा यसको संक्रमण बारेको ज्ञानमा भने धेरै कमी रहेको पाइयो । यस अध्ययनमा सीमा नाकाहरूमा गरिएको सर्वेक्षण अनुसार भारतबाट फर्कदा मानिसहरूले बेलुका बास बस्ने प्रमुख स्थलहरू नक्सा ५ मा देखाइएको छ । बढी संख्यामा मानिसहरू राति बस्ने स्थानहरू नै एड्सको लागि बढी जोखिमपूर्ण हुन सक्दछन् ।

नक्सा ५ : एच.आई.भी/एड्सका सम्भावित जोखिमपूर्ण स्थानहरु



स्रोत : सिमानाको नाकामा सर्वेक्षण (असोज र मंसिर २०६४)

सर्वेक्षणमा ८५% भन्दा बढी व्यक्तिहरूले एचआईभी/एड्सको बारेमा सुनेको भएता पनि धेरै जसोमा यो रोग र यसको संक्रमण बारेमा अपर्याप्त जानकारी भएको पाइयो । उदाहरणको लागि, एक तिहाइ भन्दा बढीको बुझाइमा सँगै खाना खाएर वा लामखुट्टेले टोकेर एड्स रोग सर्छ भन्ने रहेछ ।

यसरी एड्सको संक्रमणको डरले बसाइ सराइमा संलग्न व्यक्ति मात्र नभई उनीहरूको परिवार तथा आम समुदायमा समेत उल्लेख्य प्रभाव पार्दछ । तालिका ९ मा देखाइएको जस्तो यस रोगबारे कम जानकारी, रोग संक्रमणको जोखिम तथा यसको उपचारमा पहुँचको समस्याले गर्दा अध्ययन गरिएका क्षेत्रहरूमा यो महामारीको डरलाई जनताको स्वास्थ्यमा ठूलो खतराको रूपमा लिन सकिन्छ ।

तालिका ९ : बसाइ सराइ गर्ने व्यक्तिहरूमा एचआईभी/एड्सको ज्ञान (%)

सूचकहरु	हो/छ	होइन/छैन	थाहा छैन
• के तपाईंले एचआईभी/एड्सको बारेमा सुन्नु भएको छ ? एचआईभी/एड्ससम्बन्धी ज्ञान	८४.८	१५.२	
• के भरपर्दो एक जना, संक्रमण नभएको व्यक्तिसँग मात्र यौन सम्पर्क राख्दा एचआईभी/एड्स सर्ने जोखिम कम हुन्छ ?	५३.८	२५.९	२०.३
• के कन्डमको प्रयोगले एचआईभी/एड्स सर्ने जोखिम कम गर्दछ ?	७१.३	१५.३	१३.४
• के स्वस्थ देखिने व्यक्तिमा एचआईभी/एड्स हुन सक्छ ?	६३.१	१६.६	२०.४
• के एचआईभी/एड्स लामखुट्टेको टोकाइबाट सर्छ ?	४६.५	३९.५	१४.०
• के एचआईभी/एड्स संक्रमित व्यक्तिसँगसँगै खाना खाँदा एचआईभी/एड्स सर्न सक्छ ?	३५.७	४८.४	१५.९
• एचआईभी/एड्सको सावधानी/बचाउ सेवाको पहुँच भारतमा रहँदा के तपाईंलाई एचआईभी/एड्स कहाँ परीक्षण गर्न सकिन्छ थाहा थियो ?	४०.४	५९.६	
• भारतमा गएको १२ महिना अवधिमा, के तपाइलाई कन्डम दिइएको थियो ?	३०.६	६९.४	

स्रोत : बसाइ सराइबाट फर्केकाको सर्वेक्षण (चैत्र २०६४)

एकातिर बसाइ सराइसँग सम्बन्धित विभिन्न समस्याहरू छन् भने अर्को तिर सर्वेक्षण गरिएका क्षेत्रमा के पाइयो भने उनीहरूको समुदायमा बालीनालीको क्षति, अति वृष्टि, खडेरी, बाढी पहिरो, असिनाको प्रकोप, द्वन्द्वको स्थिति आदि विभिन्न विपत (shock) हरूका कारणले खास गरी गरिब व्यक्तिहरू बसाइ सराइमा जान विवश छन् । घर परिवारको तहमा भने रोजगारीको अभाव नै सबभन्दा असर पार्ने कारक रहेको छ । यो कुरा पौष, माघ, जेठ र असारमा सबभन्दा उल्लेख्य पाइयो र यो त्यही समय हो जुन बेला बसाइ सराइको लागि मानिस बढी बाहिर जाने गर्दछन् । अध्ययन अनुसार यस्ता विपतहरू परेपछि गरिब र अति गरिब वर्गका तथा दलित समुदायका मानिसहरू सामान्य स्थितिमा पुन आउन नसकेको अधिक मात्रामा पाइयो ।

७ जन जीविका र खाद्य सुरक्षा

नेपालको कठिन भौगोलिक परिवेश तथा सीमित आर्थिक अवसर र विभिन्न सेवाहरूमा पहुँचको कमीले गर्दा ग्रामीण क्षेत्रमा घर परिवारहरूको जीवन कष्टकर छ। देशमा एक तिहाइ जनसंख्या गरिबीको रेखामुनि छन्। बहुसंख्यक मानिस कृषिमा आधारित भए पनि खास गरी मध्य र सुदूर पश्चिमका पहाडी जिल्लाहरूमा कृषि योग्य जमिनमा कमी, सिंचाइको कमी तथा उन्नत कृषिको लागि आवश्यक वस्तुहरूको अपर्याप्तता, द्वन्द्वहरूको प्रभाव तथा विभिन्न प्राकृतिक प्रकोपले गर्दा खाद्य सुरक्षाको स्थिति अत्यन्त नाजुक छ। कतिपय अति गरिब क्षेत्रहरूमा जनसंख्याको ७०% सम्म व्यक्तिहरू गरिबीको रेखामुनि छन् भने यसका कारणले पोषणको स्थिति पनि अति नाजुक छ। त्यसो त तालिका १० बाट देखिए जस्तै समग्र नेपालमा पोषणको स्थिति धेरै नराम्रो छ, जस्तो कि ५ वर्ष मुनिका लगभग आधा जति बच्चाहरू कुपोषणका कारणले पुड्कोपन (stunting) बाट ग्रसित छन्। त्यसमा पनि यस अध्ययनमा परेका मध्य र सुदूर पश्चिमका क्षेत्रहरूमा यो स्थिति अझ भयावह छ।

तालिका १० : नेपालमा कुपोषणको स्थिति

सूचक	जनसंख्याको प्रतिशत
• ५ वर्ष मुनिका बच्चामा पुड्कोपना (stunting) (उमेर अनुसार उचाइ नपुग्नु)	४९%
• दुब्लोपन (wasting) (उचाइ अनुसार तौल नपुग्नु)	१३%
• कम वजन (under weight) (उमेर अनुसार तौल नपुग्नु)	३९%

अध्ययन गरिएको क्षेत्रमा मुख्य पेशा खेतीबाली नै हो। त्यसपछि पाएको बेलामा गरिने ज्यालादारी श्रम आउँछ भने घरपरिवारको मूल आम्दानीको सालाखाला १५% बसाइ सराइको विप्रेषणबाट आउने गरेको छ।

सर्वेक्षण अनुसार अति गरिब परिवारहरूमा आम्दानीको सबभन्दा महत्त्वपूर्ण स्रोत विप्रेषण (३६.९%) र त्यसपछि ज्यालादारी श्रम (३५.६%) हो। (चित्र ५)

अर्को तर्फ औसत भन्दा माथि आर्थिक स्तर भएका परिवारहरूमा भने खेतीबाली सबभन्दा उल्लेख्य आम्दानी स्रोत र त्यसपछि विप्रेषण पर्दछ।

सर्वेक्षण क्षेत्रमा समग्रमा ७५% भन्दा बढी परिवारहरूसँग पर्याप्त खाना नपुग्ने स्थिति देखियो भने अति गरिब समूहका ९५% मा खानाको अपर्याप्तता भएको पाइयो। यसरी अति गरिब समूहका ६०% भन्दा बढी र गरिब समूहका ४५% भन्दा बढी परिवारमा वर्षमा ६ महिना

भन्दा बढी समय खाद्यान्नको अपर्याप्तता भएको पाइयो । चित्र ६ मा देखाइएको जस्तै सबभन्दा बढी खाद्य असुरक्षा हुने महिनाहरू चैत्र र श्रावण भएको पाइयो । यी समयहरू मुख्य बालीनालीहरूको पहिलाको उब्जा सकिएको र नयाँ फसल तयार हुनुभन्दा अगाडिको समय पर्दछन् ।

चित्र ५ : परिवारको स्थिति र प्रमुख स्रोतहरूबाट हुने आम्दानी (%)



स्रोत : घरधुरी सर्वेक्षण (मंसिर २०६४)

चित्र ६ : खाद्य असुरक्षा हुने महिनाहरू



स्रोत : घरधुरी सर्वेक्षण (मंसिर २०६४)

सर्वेक्षणबाट खाद्य असुरक्षा र बसाइ सराइ गर्ने मानिसहरूको निर्णयमा सम्बन्ध रहेको पाइयो, जुन लक्षित समूहमा छलफलका क्रममा पनि स्पष्ट भयो । पर्याप्त खाद्यान्न भएको समयमा भन्दा खाद्य संकट भएको बखत बसाइ सराइ गर्नेहरूको संख्या अधिक रहन्छ । विभिन्न लक्षित समूहका छलफलहरूमा अभिव्यक्त चाख लाग्दो कुरा के पाइयो भने यदि खानामा पर्याप्त पहुँच भएमा छलफलका सहभागीहरू मध्य धेरैजसो बसाइ सराइमा जाने थिएनन् ।

८ बसाइ सराइ र विश्व खाद्य कार्यक्रमका योजनामा प्रभाव

खास गरी मध्य र सुदूर पश्चिमका पहाडी जिल्लाहरूमा कम खेती योग्य जमिन, उत्पादकत्त्वमा कमी आदि कारणले विषम् खाद्य असुरक्षाको सन्दर्भमा अन्य ठाउँमा गई वैकल्पिक आम्दानीको खोजीमा लाग्नु स्वभाविक हुन जान्छ। यस्तो अवस्थामा यसका कतिपय नकारात्मक पक्ष रहेता पनि समग्रमा भन्दा खाद्यान्नको सहयोगले मानिसहरूको बसाइ सराइको निर्णयमा प्रभाव पार्दछ र कतिपय अति खाद्य असुरक्षित क्षेत्रमा खाद्य सहयोगले बसाइ सराइ गर्नेमा कमी ल्याएको देखिएको छ। त्यस्तै समुदायमा खाद्य सहयोग हुँदा बसाइ सराइ गरी बाहिर गएका र आन्तरिक रूपमा विस्थापित भएर गएकालाई पनि फर्कन प्रोत्साहन मिल्दछ। खाद्य सहयोगलाइ वास्तविक रूपमा आवश्यक ठाउँ तथा परिवारमा लक्षित गरी कार्यान्वयन भएमा ती परिवारहरूको गरिबीको अवस्था अझ खस्कन नदिन तथा पोषणको न्यूनतम् अवस्था कायम राख्न महत्त्वपूर्ण साधन हुन सक्दछ। सर्वेक्षणमा पनि के पाइयो भने जुन ठाउँमा खाद्य सहयोग भएको छ त्यहाँबाट उल्लेख्य रूपमा बसाइ सराइमा कमी आएको छ।

नेपालबाट भारत तर्फको बसाइ सराइ धेरै समुदायहरूमा एक महत्त्वपूर्ण जीविकोपार्जनको साधन रहँदै आएको छ भने यसका साथै बसाइ सराइसँग सम्बन्धित कतिपय नकारात्मक पक्षहरू पनि भएकाले यी नकारात्मक पक्षहरू र जोखिमहरूलाई समयमै ध्यान दिई तिनलाई सम्बोधन गर्न व्यावहारिक पहलहरू हुनु अत्यावश्यक छ। यस सम्बन्धमा यस अध्ययनका आधारमा निम्न अनुसारका सुझावहरू रहेका छन्।

- *विश्व खाद्य कार्यक्रमको योजना बनाउने सन्दर्भमा बाढी तथा खडेरीको प्रभाव लगायत अन्य अध्ययन तथा विश्लेषणहरूमा बसाइ सराइको विषय पनि समावेश गर्नु पर्छ। खाद्य सुरक्षा अनुगमन तथा विश्लेषणमा बसाइ सराइको विश्लेषण अझ सुदृढ गर्दै नेपाल-भारतको विद्यमान राजनैतिक सम्बन्ध र खुला सिमानाको स्थितिमा सम्भावित कुनै प्रभावका बारेमा अनुगमन गर्नु पर्दछ।*

- *स्थलगत तथ्याङ्कहरू प्रयोग गर्दै स्थानीय बालीनालीको प्रकृति र समय तथा अन्य विभिन्न कारणले हुन जाने बसाइ सराइका मुख्य अवधिलाइ पनि ध्यानमा राख्दै खाद्यान्न तथा अन्य सहयोगको समय तालिका निर्धारण गर्नु पर्दछ।*

- *मुख्यतः पुरुषहरू बसाइ सराइमा गएर परिवारमा महिला र केटाकेटीहरू विभिन्न समस्या बेहोर्नु पर्ने स्थिति भएकोले उनीहरूका लागि लक्षित कार्यक्रमहरू जस्तै महिलाहरूलाइ सीप आर्जन गर्ने तालिम दिनु, बच्चाहरूलाइ स्कुल खाजा कार्यक्रम विस्तार गर्नु र जोखिम रहेका महिला र बालबालिकालाई सहयोग पुऱ्याउने पोषण कार्यक्रम संचालन गर्नु पर्दछ।*

- खाद्य असुरक्षा मानिसहरूले बसाइ सराइ गर्नुमा एक कारण भएता पनि यसलाई प्रभाव पार्ने अन्य कारणहरू पनि भएको सन्दर्भमा संयुक्त राष्ट्र संघका विभिन्न निकाय तथा अन्य संस्थाहरूले सहकार्य गरी समुदायका विभिन्न आवश्यकताहरूलाई संबोधन गर्ने कार्यक्रम संचालन गर्नु पर्दछ ।

- एचआईभी/एड्स एउटा प्रमुख र बढ्दो क्रममा रहेको समस्याको सन्दर्भमा राष्ट्रसंघका निकायहरू (विश्व खाद्य कार्यक्रम, UNAIDS, UNICEF, UNFPA) र अन्य सरोकारवाला संस्थाहरू समेतले खासगरी मुख्य बसाइ सराइका बाटामा पर्ने स्थानहरू, समुदायहरू र ग्रामीण स्वास्थकर्मीहरूमा एड्सको बारेमा शिक्षा र रोकथामको प्रयासमा अभिवृद्धि गर्नु पर्दछ । त्यस्तै एचआईभी/एड्स सम्बन्धी परीक्षण र उपचार गर्ने सुविधाहरूमा लगातार सुधार गर्नु पर्दछ ।

- बसाइ सराइ बढी हुने समुदायहरूमा मानिसहरूलाई घरमा बस्न प्रोत्साहन गर्नका लागि लघु ऋणको व्यवस्था विस्तार गर्नु र उद्यम संचालन र सीप विकासको तालिम दिनु पर्दछ ।

- बसाइ सराइमा नैं भरपर्नु पर्ने स्थितिमा कमी ल्याउनका लागि समुदायहरूमा श्रममा आधारित कामको लागि खाद्यान्न वा नगद कार्यक्रमहरू सञ्चालन र विस्तार गर्नु पर्दछ । यस्ता कार्यक्रमहरू ठीक ठाउँहरूमा र ठीक समयमा लक्षित गर्नु पर्दछ जसबाट मानिसहरू आफ्नैं घरमा बस्न प्रेरित हुन सक्दछन् । महिलाहरूमा यस्तो कार्यक्रम लागु गर्दा उनीहरूमा बढी भार नपरोस् भन्ने हेतुले दिनमा बढीमा ४ घण्टा मात्र काम गर्ने व्यवस्था गर्नु पर्दछ ।

- बसाइ सराइमा नजाने महिला र बच्चाहरूको पोषण स्थितिमा सुधार ल्याउन विद्यमान पूरक पोषण (supplementary feeding) कार्यक्रमहरूलाई विस्तार गर्ने विशेष सुझाव दिइन्छ । यसका साथै बच्चाहरूलाई विद्यालय खाजा कार्यक्रम मार्फत सहयोग गर्नु पर्दछ जस्का कारण उनीहरूको पोषण अवस्थामा सुधार आउनका साथै विद्यालय हाजिरीमा पनि प्रोत्साहन मिल्दछ ।

- विभिन्न प्रकोप र आपतकालीन अवस्थाका कारण हुन जाने बसाइ सराइमा कमी ल्याउनका लागि यस्तो प्रकोप तथा आपतकालीन स्थिति आउन अघि र त्यस पछिको अवधिमा कामका लागि खाद्यान्न कार्यक्रम संचालन गर्नु पर्दछ ।

- गरिब समुदायहरूको समग्र पोषण स्थितिमा सुधार ल्याउन खाद्यान्न वितरण र निश्चित समयमा उपयोग गर्न सकिने नगद कुपनको व्यवस्थाले सहयोग पुऱ्याउन सक्ने हुँदा खासगरी आपतकाल वा विपतको अवस्थामा यसले समुदायका मानिसहरू आफै पनि छिटै यस्तो समस्याको सामना गर्न सक्ने सम्भावना भएकाले यस्तो कार्यक्रम संचालन गर्ने बारेमा विचार गर्नु पर्दछ ।

विश्व खाद्य कार्यक्रम नेपाल
चाकुपाट, पाटन ढोका पथ, ललितपुर
पोष्ट बक्स १०७, काठमाडौं
फोन ५५४२६०७
वेबसाइट www.wfp.org

नेपाल विकास अनुसन्धान प्रतिष्ठान
धोबीघाट, जावलाखेल, ललितपुर
पोस्ट बक्स ८९७५, इ.पि.सि. २२०१, काठमाडौं
फोन ५५५४९७५
वेबसाइट www.ndri.org.np